मण्डनदेउपुर नगरपालिका
MANDANDEUPUR MUNICIPALITY
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
महादेवस्थान
Mahadevsthan

०११४१२११२
०११४१२११३
०११४१२११४

काभ्रेपलाञ्चोक
Kavrepalanchowk
बागमती प्रदेश
Bagmati Province


प.सं : ०७६/०७७

मितिः २०७६।१२।१०

## विषय : प्रेस विज्ञप्ति ।

विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड-१९) नियन्त्रण तथा रोकथाम गर्ने सन्दर्भमा यस नगरपालिका भित्र र नगरपालिका बाहिरबाट नगरपालिका भित्रने क्रममा हुन सक्ने सम्भावित समस्याहरुलाई नगरपालिकाले गम्भीरतापूर्वक लिई जिम्मेवारीका साथ अघि बढिहेको ब्यहोरा सबैमा अनुरोध गर्दछु ।

विश्वव्यापी स्वास्थ्य संकट भएको यस कठिन परिस्थितिमा संयमित भई परिस्थितिको सामना गर्न, जिम्मेवार भई प्रस्तुत हुन, भ्रमपूर्ण समाचार सम्प्रेषण नगर्न, स्वस्थ जीवनका उपायहरु अवलम्बन गर्न, सम्भावित समस्याप्रति बेलैमा सतर्क रहन, सचेत र सुरक्षित रहन, अत्यावश्यक अवस्थामा बाहेक घर बाहिर ननिस्कन, भिडभाड भएको स्थानमा नजान, अनावश्यक रुपमा जमघट नगर्न, अत्यावश्यक सेवा बाहेकका अन्य सम्पूर्ण सेवा तथा व्यवसायहरु बन्द गर्न सम्पूर्ण नगरबासी दिदी बहिनी, दाजुभाइ एवं सरोकार राख्ने सबैमा अनुरोध गर्दै दैनिक उपभोग्य अत्यावश्यक मालसामानहरु अनावश्यक रुपमा अधिक मात्रामा भण्डारण नगर्न, कृतिम अभाव सृजना गरी मूल्य बृद्धि नगर्न सम्बन्धित सबैमा अपिल गर्दछु ।

आम नागरिकको स्वास्थ्य प्रति सचेत रहँदै यस नगरपालिकाले नगरपालिका क्षेत्र र प्रवेश नाकाहरुः कार्तिके भञ्ज्याङ्ग, नगरकोट, सिपाघाट, जिरोकिलो, ज्याम्दी स्थित देउराली, ज्याम्दी स्वास्थ्य चौकी, कुन्ताबेंसी चौक र नगरपालिकाको कार्यालयमा स्वास्थ्य सहायता कक्ष (Health Desk)सञ्चालन गर्ने, वडा कार्यालयहरु,स्वास्थ्य चौकीहरु र स्वास्थ्य सहायता कक्षहरुमा जनचेतना अभिबृद्धिका लागि मास्क लगाउने, हात धुने, स्यानीटाइजर प्रयोग गर्ने तरिकाको लागि सचेतनाका कार्यहरु सञ्चालन गर्ने, मास्क प्रयोगलाई अनिवार्य गरी वितरण गर्ने, संक्रमणको सम्भावित अवस्थाको परिक्षण गरेर मात्र नगरपालिका क्षेत्रमा प्रवेश गर्ने व्यवस्था गरी संक्रमणको शंका लागेमा नजिकको स्वास्थ्य संस्थामा जान सहयोग पुऱ्याउने, नजिकको अस्पतालसम्म पुऱ्याउनका लागि नगरपालिका र यस क्षेत्रभित्र रहेका संघ संस्थाहरुका एम्बुलेन्सहरुलाई तयारी हालतमा राख्ने जस्ता कार्यहरु सञ्चालन गरिने व्यहोरा अवगत गराउँदछु ।

यस किसिमको महामारीलाई बेलैमा नियन्त्रण गर्ने सन्दर्भमा यस नगरपालिकाका मुख्य बजारहरु कुन्ता, सिपाघाट, नगरकोट लगायत न.पा. भित्रका सम्पूर्ण स्थानहरुमा रहेका खाद्यान्न, पानी, तरकारी, फलफूल, औषधी, इन्धन जस्ता अत्यावश्यक सामग्रीहरु बाहेकका अन्य सम्पूर्ण पसल ब्यवसायहरु, होटल, चियाचमेना गृहहरु मिति :२०७६।१२।१२ गते देखि बन्द गर्न र अत्यावश्यक काममा बाहेक घर बाहिर ननिस्कन जानकारी गराउँदछु ।

स्वास्थ्य सम्बन्धी समस्या आएमा नजिकको स्वास्थ्य चौकी वा स्वास्थ्य सहायता कक्षमा तुरुन्त सम्पर्क गर्न अनुरोध गर्दै नागरिकको सेवाका लागि निरन्तर यहाँहरुसँगै रहने प्रतिबद्धता व्यक्त गर्दछु ।

धन्यवाद ।

टेक बहादुर वाइबा
नगर प्रमुख
मण्डनदेउपुर नगरपालिका
काभ्रेपलाञ्चोक